# नेपाल धितोपत्र बोर्डको

# कार्यालय प्रयोजनको लागि घरभाडामा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७६।०९।१०

हाल जावलाखेल, ललितपुर स्थित यस बोर्डलाई जावलाखेल, सानेपा, कुपण्डोल, रामशाहपथ, थापाथली, बबरमहल, लाजिम्पाट, कालिकास्थान, डिल्लीबजार, बालुवाटार, बानेश्वर, कमलादी, महाराजगञ्ज वा आसपासको क्षेत्रमा कम्तिमा २० वटा चारपांग्रे (सवारी साधन) र ५० वटा मोटरसाइकल पार्किङ्ग गर्न मिल्ने एवं कम्तिमा ३०-४० वटा कोठा भएको वा करिब १०,००० वर्गफिट क्षेत्रफल भएको निर्माण सम्पन्न भई पार्टीशन गर्न मिल्ने घर, कार्यालय प्रयोजनका लागि आवश्यक परेकोले ईच्छुक घरधनी व्यक्ति वा संस्थाले के कति भाडादर (कर समेत) मा कति बर्षका लागि के कस्तो शर्तमा भाडामा दिने हो विस्तृत विवरण खुलाई व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र तथा संस्थाको हकमा दर्ता प्रमाणपत्र, हकभोगको प्रमाण, घरको नक्शा, नक्शा पास प्रमाणपत्र, कर तथा तिरो तिरेको प्रमाणहरुको प्रमाणित प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र कार्यालय समयभित्र बोर्डमा सिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। रितपूर्वक पर्न आएका प्रस्तावहरु मध्ये आंशिक वा पूरै क्षेत्रफल लिने वा नलिने सम्बन्धी अन्तिम अधिकार बोर्डमा निहित रहनेछ। अन्य थप जानकारीका लागि देहायको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ।

**नेपाल धितोपत्र बोर्ड**
जावलाखेल, ललितपुर,
फोन नं. ५५४१०५७, ५५५११६२, ५५४४०७७, ५५५०५११,
इमेल: management@sebon.gov.np